# मिति २०७८ साल चैत्र १३ गतेका दिनको गाउँ कार्यपालिकाको बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१) समिक्षा
२) नागरिक आरोग्य समिती गठन सम्वन्धमा
३) आयुर्वेद औषधालयको भवन माग सम्वन्धमा
४) SIP का नौ वटा योजनाहरु अनुमोदन सम्वन्धमा
५) आ.व. ०७९।८० को प्रदेश समपुरक अनुदानवाट कार्यान्वयन गर्ने २ वटा योजना छनौट सम्वन्धमा
६) पोकली गुम्वा DPR लागि बजेट सम्वन्धमा
७) पोकली स्वाचौकीमा कार्यरत कर्मचारीको स्वीकृत राजिनामा अनुमोदन सम्वन्धमा.
८) विचारी आहाल कुटिडाँडा संघिय समपुरक वजेटको दोस्रो ठेक्का सम्वन्धमा
९) वाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधी वितरण तथा छलफल सम्वन्धमा
१०) चमेना गृह सम्वन्धमा
११) वेरोजगार नामावली अनुमोदन सम्वन्धमा
१२) शिक्षा सम्वन्धी
१३) आवधिक योजना निर्माण प्रस्तुतिकरण
१४) राजस्व सुधार योजना निर्माण प्रस्तुतिकरण
१५) गाउँपालिका पर्यटन गुरु योजना प्रस्तुतिकरण
१६) साघुँटार ड्याम विस्तृत परियोजना प्रतिवेदन प्रस्तुतिकरण
१७) साङगे छोयोलिङ गुम्वा DPR प्रतिवेदन प्रस्तुतिकरण
१८) SIP को थप योजना सम्वन्धमा
१९) लैससास कार्यन्वयन समिति गठन सम्वन्धमा
२०) कटुवाल व्रदर्श कन्सट्रक्सन इजाजात पत्र सम्वन्धमा
२१) सुझाव कार्यान्वयन गर्ने सम्वन्धमा

**निर्णयहरुः-**

१. **निर्णय नं. १,** प्रस्ताव नं. १ मा आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतकका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गती कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

२. **निर्णय नं. २,** प्रस्ताव नं. २ मा आवश्यक छलफल गर्दा नागरिक आरोग्य समितीको गठन तपसिल बमोजिम गरिने सर्वसम्मत निर्णय गरियो।

तपसिल

संयोजकः- श्री गोविन्द बहादुर पौडेल (गाउँपालिका अध्यक्ष)

सदस्यः- श्री विजय साह (स्वास्थ्य संस्था प्रमुख)

सदस्यः- श्री देवि लुईटेल (नि.  स्वास्थ्य शाखा प्रमुख)

सदस्यः- श्री रचना मैनाली ( शिक्षा शाखा प्रमुख)

सदस्यः- श्री दिपेन्द्र कुमार यादव (यसम स्वास्थ्य चौकी प्रमुख)

सदस्यः- श्री अनिता कटुवाल (आ.स्वा.के बडडाँडा प्रमुख)

सदस्य सचिवः- श्री सन्तोष कुमार यादव ( आयुर्वेद औषधालय प्रमुख)

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ मा आवश्यक छलफल गर्दा आयुर्वेद औषधालयको भवनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ मा आवश्यक छलफल गर्दा आ.व. २०७९/८० को लागि SIP का तपसिल बमोजिमका योजानाहरु  श्री साना सिँचाई कार्याक्रम, ओखलढुंगा मा छनौट गरि पठाइएकोमा सोहि बमोजिम अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र. स. | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | भालुखोप डाँडाखर्क सिँचाई योजना | लिखु ८ |
| २ | खहरेखोला खुदुर्की मझुवा सिँचाई योजना | लिखु ८ |
| ३ | साकालेखोला चिनटार सिँचाई योजना | लिखु ८ |
| ४ | पोकली झरना दमाई डाँडा झागारेबारी सिँचाई योजना | लिखु ९ |
| ५ | टिमुरे खोला नयाँटार सिँचाई योजना | लिखु ३ |
| ६ | जरुवा खोला सिँचाई योजना | लिखु ३ |
| ७ | साकाले तल्लो चिउरीबोट सिँचाई योजना | लिखु ८ |
| ८ | मगरसेरा माझटार सिँचाई योजना | लिखु ३ |
| ९ | घट्टेखोला मुहान चनौटे सिँचाई योजना | लिखु ३ |

५. **निर्णय नं. ५, प्रस्ताव नं. ५** माथि आवश्यक छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १ बिराटनगरको च.नं. ६२४ मिति २०७८/१२/०३ को प्राप्त पत्र तथा, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० तथा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन समेत) अनुसार आ.व. २०७९/०८० मा प्रदेश समपूरक अनुदानबाट सञ्चालन गरिने आयोजनाको प्रस्तावको लागि आ.व. ०७८/७९ मा प्राप्त समपूरक अनुदानबाट सञ्चालित देहायका योजनाहरु लाई नै क्रमागत रुपमा सञ्चालन गर्नको लागि समपूरक योजना प्रस्ताव गर्ने तथा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिमको कम्तिमा ३० प्रतिशत लागत सहभागिता यस गाउँ कार्यपालिकाबाट व्यवस्थापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

क) भन्ज्याङ्, माहोरडाँडा सडक निर्माण योजना (वडा नं. ८ र ९)

ख) राम्चा, बाघखोरडाँडा सडक निर्माण योजना (वडा नं. १)

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ मा आवश्यक छलफल गर्दा पोकली गुम्वा DPR लागि रु ५,००,०००|– (पाँच लाख) बजेट बिनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ मा आवश्यक छलफल गर्दा पोकली स्वाचौकीमा कार्यरत. सि. अ.न.मि. श्री अन्जु देवी अधिकारीको लिखु गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत गरिएको राजिनामा अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ मा आवश्यक छलफल गर्दा विचारी आहाल कुटिडाँडा संघिय समपुरक बजेटको दोस्रो पटकको बाँकि रहेको रकममा ४०% (चालिस प्रतिशत) बढाएर ठेक्का आवह्वान गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ मा आवश्यक छलफल गर्दा वाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधी सर्वसम्मतले पास गरियो ।

१०. **निर्णय नं. १०,** प्रस्ताव नं. १० मा आवश्यक छलफल गर्दा लिखु गाउँ कार्यापालिकको कार्यालयमा सञ्चालित चमेना गृह मिति २०७८/०१/१४ गते खड्का होटल सँग १ वर्षे सम्झौता गरिएकोले सो समय सकिए पश्चात पनि पुनः चमेन गृह नियमित रुपमा सञ्चालन गर्नको लागि न्यूनतम मासिक भाडालाई यथावत राखी नयाँ विज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

११. **निर्णय नं. ११,** प्रस्ताव नं. ११ मा आवश्यक छलफल गर्दा आ.व. २०७९/८० को लागि बेरोजार सुचिकरणको लागि २०७८ फागुनमा वार्ड कार्यालयमा बेरोजगार निवेदन फारम संकलन गरि वार्ड समितिको छानविन पश्चात सिफारिस नामवली बमोजिम मिति २०७८/१२/१३ गते स्थानिय निर्देशक समितिको बैठक बाट प्रस्तावित नामवलीलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१२.निर्णय नं. १२,** प्रस्ताव नं. १२ मा आवश्यक छलफल गर्दा शिक्षा सम्वन्धी निर्णयहरु तपसिल बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

- श्री ओम राइजिङ स्टार इङ्लिस बोर्डिङ स्कुलले शैक्षिक सत्र २०७९ को लागि कक्षा ५ थप गर्नको लागि निवेदन दिएकोमा मिति २०७८ फागुन ११ गते गाँउ शिक्षा समितिको सिफारिस बमोजिम कक्षा थपको लागि अनुमति दिने निर्णय गरियो ।
- लिखु १ मा रहेको चेतना वाविके सम्वन्धमा शिक्षा अधिकृतबाट स्थलगत अनुगमन गरि सो को प्रतिवेदन कार्यपालिका बैठकमा पेस गर्ने र सो बमोजिम आवश्यक निर्णय लिइने निर्णय गरियो ।
- सामुदायिक विद्यालयलाई शैक्षिक तथा खेलकुद सामाग्री राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद खर्च शिर्षक २२५२२ स्रोत राजश्व बाँडफाँड - प्रदेश सरकार- नगद बाट रु ३,००,०००।– ( तिन लाख ) बाट सम्वन्धित विद्यालयको प्रस्तावनाको आधारमा निकासा गर्ने निर्णय गरियो ।
- श्री ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक विद्यालयले दिएको निवेदन तथा गाउँ शिक्षा समितिको मिति २०७८ चैत्र १ गतेको सिफारिस अनुसार निर्वाचित सदस्यहरु मध्ये जेष्ठ सदस्य र प्र.अ. को संयुक्त दस्तखतबाट लेखा सञ्चालन तथा व्यवस्थापन गर्ने र सो को जानकारी विद्यालयलाई गराउने निर्णय गरियो ।
- कक्षा ८ को परिक्षा सञ्चालन तथा व्यवस्थापनको लागि अपुग बजेट रु १,५०,०००।– (एक लाख पचास हजार ) पालिकाको शैक्षिक संस्थाहरुलाई सहायता खर्च शिर्षक २५३११ स्रोत राजश्व बाँडफाँड- संघिय सरकार- नगद बाट निकासा गर्ने निर्णय गरियो ।
- मनकामना आधारभूत विद्यालयलाई १ थान कम्प्यूटर र १ थान प्रिन्टर यस लिखु गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिने निर्णय गरियो ।

**१३.निर्णय नं. १३,** प्रस्ताव नं. १३ अनुसार कार्यपालिका बैठकमा आवधिक योजना निर्माण प्रस्तुतिकरण गरियो ।

**१४.निर्णय नं. १४,** प्रस्ताव नं. १४ अनुसार कार्यपालिका बैठकमा राजस्व सुधार योजना निर्माण प्रस्तुतिकरण गरियो ।

**१५.निर्णय नं.१ ५,** प्रस्ताव नं. १५ अनुसार कार्यपालिका बैठकमा गाउँपालिका पर्यटन गुरु योजना प्रस्तुतिकरण गरि छलफल पश्चात सर्वसम्मत पास गरियो ।

**१६.निर्णय नं.१६,** प्रस्ताव नं. १६ अनुसार कार्यपालिका बैठकमा साघुँटार ड्याम विस्तृत परियोजना प्रतिवेदन प्रस्तुतिकरण गरि छलफल पश्चात सर्वसम्मत पास गरियो ।

**१७.निर्णय नं.१७,** प्रस्ताव नं. १७ अनुसार कार्यपालिका बैठकमा साङगे छोयोलिङ गुम्वा DPR प्रतिवेदन प्रस्तुतिकरण गरि छलफल पश्चात सर्वसम्मत पास गरियो ।

**१८.निर्णय नं.१८,** प्रस्ताव नं. १८ मा आवश्यक छलफल गर्दा SIP लाई प्रस्तावित तपसिलका योजनाहरुलाई योजना बैंकमा समावेश गरि बिस्तृत सर्वेक्षण गर्न अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र. स. | योजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | साकाले खोला अगोटे दोभान खेत सिँचाई कुलो | लिखु ८ |
| २ | सिरिसे गौराबारी भष्मे सिँचाई कुलो | लिखु ८ |
| ३ | साकाले खोला पचासी भालुखोप सिँचाई कुलो | लिखु ८ |
| ४ | पोकली खोला खोलाखेत चिउरेवोटे सिँचाई कुलो | लिखु ८ |
| ५ | पोकली खोला वासवोटे कोईराले सिँचाई कुलो | लिखु ८ |
| ६ | डुडे खोला (भुतछाया) डुडेखेत सिँचाई कुलो | लिखु ८ |
| ७ | पोकली खोला विसौना वाच्पु दम्की सिँचाई योजना | लिखु ९ |
| ८ | होक्से वेसी सिँचाई योजना | लिखु १ |
| ९ | जुकेखोला खाल्टे सिँचाई योजना | लिखु ६ |
| १० | महविर खोला कुटिडाँडा सिँचाई योजना | लिखु ४, लिखु ५ |
| ११ | जुके खोला थापाटोल बाङ्गेपिपल मचावारी सिँचाई योजना | लिखु ४, लिखु ५ |
| १२ | महविर खोला तिलखोरिया मछे सिँचाई योजना | लिखु ६, लिखु ७ |
| १३ | घोर खोला जोगिडाँडा सिँचाई कुलो योजना | लिखु ३ |

**१९.निर्णय नं.१९,** प्रस्ताव नं. १९ मा आवश्यक छलफल गर्दा लैससास कार्यन्वयन समिति गठन तपसिल बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

संयोजकः- श्री गोविन्द बहादुर पौडेल (गाउँपालिका अध्यक्ष)

सदस्यः- श्री शान्ता ढुंगेल (गाउँपालिका उपाध्यक्ष)

सदस्यः- श्री दिनानाथ चौधरी ( नि.प्र.प.अ.)

सदस्यः- श्री विशाल कुमार पौडेल (सामाजिक विकास समिति संयोजक)

सदस्यः- श्री मावर सुनुवार (का.पा. सदस्य)

सदस्यः- श्री सिता खत्री (का.पा. सदस्य)

सदस्यः- श्री लाल कुमारी तोलाङ्गे बर्मे ( का.पा. सदस्य)

सदस्यः- ओम प्रकास तामाङ ( शाखा प्रमुख)

**२०.निर्णय नं.२०,** प्रस्ताव नं. २० मा आवश्यक छलफल गर्दा कटुवाल व्रदर्श कन्सट्रक्सनलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने सर्वसम्मत निर्णय गरियो ।

**२१.निर्णय नं.२१,** प्रस्ताव नं. २१ मा आवश्यक छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाब कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।